स्वीकृत मिति २०७५/०७/१५
पहिलो संशोधन २०७६/०४/१४
दोस्रो संशोधन २०७६/०७/१९
तेस्रो संशोधन २०७७/०३/२८
चौथो संशोधन २०७८/१०/२०

# कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५

आर्थिक, सामाजिक विकासको दीर्घकालीन लक्ष्य प्राप्त गर्न, प्रादेशिक नीति र प्राथमिकता कार्यान्वयन गर्न, स्थानीय तहहरुमा रहेका आर्थिक, सामाजिक असमानता कम गर्न, स्थान विशेष; क्षेत्र विशेष; वर्ग विशेष; समुदाय विशेष कार्यक्रमहरु सञ्चालन गर्न, सामाजिक; सांस्कृतिक विकृति, विसङ्गतिको अन्त्य गर्न र विकासका दृष्टिले अति पिछडिएको क्षेत्रमा लक्षित कार्यक्रम सञ्चालन गर्न विशेष अनुदान उपलब्ध गराउने प्रयोजनको लागि कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५ को दफा ९ बमोजिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२.परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५ लाई सम्झनुपर्छ।

(ख) "प्रदेश" भन्नाले कर्णाली प्रदेशलाई सम्झनुपर्छ।

(ग) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनुपर्छ।

(घ) "विशेष अनुदान" भन्नाले कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५ को दफा ७ वमोजिमको अनुदान सम्झनुपर्छ।

(ङ) "विषयगत मन्त्रालय" भन्नाले कार्यक्रमसँग सम्बन्धित मन्त्रालयलाई सम्झनुपर्छ।

(च) "विपद" भन्नाले भूकम्प, आगलागी, आँधीवेहरी, वाढी पहिरो, सुख्खापन, अतिवृष्टि, अनावृष्टि, अनिकाल, महामारी, तथा यस्तै प्रकृतिका अन्य प्राकृतिक प्रकोपलाई सम्झनुपर्छ र सो शब्दले औद्योगिक दुर्घटना, बिष्फोटक वा बिषाक्त पदार्थद्वारा हुने दुर्घटना तथा प्रकोप समेतलाई जनाउँछ।

(छ) "समिति" भन्नाले दफा ५ बमोजिमको योजना तथा कार्यक्रम छनौट समिति सम्झनुपर्छ।

(ज) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिकालाई सम्झनुपर्छ।

**३.विशेष अनुदान प्रदान गरिने आधारहरुः** (१) प्रदेश सरकारले देहायको अवस्थामा विशेष अनुदान प्रदान गर्नेछः

(क) शिक्षा क्षेत्रमा सबै भन्दा कम साक्षरता प्रतिशत भएका तथा साक्षरता प्रतिशत राष्ट्रिय औसत भन्दा ज्यादै न्यून भएका क्षेत्रको शैक्षिक विकासको लागि संचालन गरिने शैक्षिक योजना,

(ख) स्वास्थ्य क्षेत्रमा हेल्थ पोष्ट नभएका, आधारभूत स्वास्थ्य सेवाबाट बञ्चित रहेका समुदाय, कुपोषणको अवस्था भएका, बाल तथा मातृ मृत्युदर अत्यधिक भएका क्षेत्रहरुमा प्रदान गरिने आधारभूत स्वास्थ्य सेवा सम्वन्धी योजना,

(ग) धारा तथा मुहान बस्तीबाट टाढा भई खानेपानी सेवाबाट बञ्चित रहेका क्षेत्र र समुदायहरुको लागि खानेपानी सुविधा उपलव्ध गराउने योजना,

(घ) कुनै अल्पसंख्यक र पिछडिएको समुदायको संरक्षण, उत्थान र विकासका लागि सञ्चालन गरिने योजना,

(ङ) वर्ष भरिको खाद्यान्न उत्पादनबाट ६ महिना सम्म पनि खाद्यान्न नपुग हुने क्षेत्रमा उत्पादन अभिबृद्धि गर्ने मल, विउ तथा कृषि उपकरण उपलव्ध गराउन संचालन गरिने खाद्यान्न उत्पादन अभिवृद्धि तथा वितरण योजना,

(च) विपदको कारणबाट विस्थापित व्यक्तिहरुको पुनर्उत्थानको लागि शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवा प्रदान गर्न सञ्चालन गरिने योजना,

(छ) राष्ट्रिय औसत भन्दा विकासमा अति पछि परेका स्थानीय तहको सन्तुलित विकासको लागि सञ्चालन गरिने सामाजिक विकासका योजना,

(ज) प्रदेश सरकारले आवश्यक ठानेका अन्य विशेष योजनाहरु।

४.**<u>विशेष अनुदान माग गर्नेः</u>** (१) स्थानीय तहले दफा ३ बमोजिम सञ्चालन गर्ने योजनाको प्रस्ताव तयार गरी अनुसूची-१ को ढाँचामा मन्त्रालय समक्ष माग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम योजना प्रस्ताव गर्दा सञ्चालनमा रहेका मौजुदा योजनासँग दोहोरो नपर्ने गरी प्रत्येक आर्थिक वर्षको **** फाल्गुन मसान्तभित्र पेश गरिसक्नु पर्नेछ।

****(२क) स्थानीय तहले विशेष अनुदान माग गर्दा प्रस्तावित आयोजनाको कुल लागत अनुमान न्यूनतम बीस लाख रुपैयाँदेखि अधिकतम साठी लाख रुपैयाँसम्मको १ वर्ष भित्र सम्पन्न हुन सक्ने आयोजना हुनु पर्नेछ।

(३) स्थानीय तहले उपदफा (१) बमोजिम पेश गर्ने प्रस्तावमा देहायका कागजातहरु संलग्न गरी पेश गर्नु पर्नेछः

(क) योजनाको सम्भाव्यता अध्ययन (फिजिबिलिटी स्टडी) प्रतिवेदन,

(ख) योजनाको ड्रइङ, डिजाइन, स्पेसिफिकेशन (आवश्यक पर्ने अवस्थामा) सहितको विस्तृत विवरण,

(ग) स्थानीय तहबाट विशेष अनुदान प्रस्ताव गर्ने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि,

(घ) योजनाको कूल लागत खुल्ने कागजातको प्रतिलिपि।

५.**<u>योजना छनौट समितिः</u>**(१) स्थानीय तहले विशेष अनुदानबाट योजना सञ्चालन गर्न दफा ४ बमोजिमको प्रक्रिया पूरा गरी प्रस्ताव भई आएका योजनाको छनौट गर्न मन्त्रालयमा देहाय बमोजिमको समिति रहनेछः

---

**** चौथो संशोधनद्वारा संशोधित

**** चौथो संशोधनद्वारा थप

(क) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -संयोजक

(ख) महाशाखा प्रमुख, (योजना तथा कार्यक्रम)
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(ग) महाशाखा प्रमुख, योजना तथा कार्यक्रम (सम्बन्धित विषयगत मन्त्रालय) -सदस्य

(घ) प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय -सदस्य

(ङ) महाशाखा प्रमुख, बजेट तथा कार्यक्रम महाशाखा
आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य सचिव

(२) आवश्यकता अनुसार समितिले विज्ञ सदस्यलाई आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम योजना तथा कार्यक्रम छनौट गर्दा संघ, प्रदेश र स्थानीय तहको अन्य स्रोतबाट सञ्चालित योजनासँग दोहोरो नपर्ने गरी छनौट गर्नु पर्नेछ।

(४) समितिले आगामी आर्थिक वर्षको लागि योजना छनौट गर्ने कार्य प्रत्येक वर्षको चैत्र मसान्तभित्र सम्पन्न गरिसक्नु पर्नेछ। *आर्थिक वर्ष २०७६।०७७ को हकमा भाद्र १५ गते सम्म मन्त्रालय समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ। मन्त्रालयले यस उपदफा बमोजिमको योजना छनौटको कार्य आश्विन १५ गते भित्र गरिसक्नु पर्नेछ। ** यस उपदफा बमोजिम तोकिएको अवधिसम्म कुनै स्थानीय तहहरुबाट प्रस्ताव प्राप्त नभएको वा अन्य कुनै कारणले विनियोजित बजेट बाँकी रहने अवस्था देखिएमा मन्त्रालयले बढीमा १५ दिनको सूचना जारी गरी यस अघि छनौटमा नपरेका स्थानीय तहहरुबाट मात्र प्रस्ताव आव्हान गरी थप योजनाहरु छनौट गर्न सक्नेछ। साथै यसरी रकम हस्तान्तरण गर्दा पनि विशेष अनुदान तर्फको बजेट बाँकी रहेको अवस्थामा मन्त्रालयले अत्यावश्यक स्थानमा साविकका प्रस्तावका आधारमा विशेष अनुदान हस्तान्तरण गर्न सक्नेछ।

(५) समितिले बैठक सञ्चालन र कार्य सम्पादन गर्ने सन्दर्भमा आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।

**६.<u>योजना छनौट</u>:**(१) स्थानीय तहको आफ्नै स्रोतबाट एवं समानीकरण, सशर्त र समपूरक अनुदानबाट सञ्चालित योजना र विगतमा सम्पन्न भएका योजनासँग दोहोरो नपर्ने गरी छनौट गर्नु पर्नेछ।

(२) आवश्यकता, औचित्यता, लाभान्वित सम्भाव्य जनसंख्या, सम्बन्धित क्षेत्रका जनताको आय स्तर वृद्धि, आधारभूत आवश्यकता परिपूर्ति गर्ने, गरिबी कम गर्न सहयोग पुग्ने, रोजगारी सिर्जनामा मद्दत पुग्ने र स्थानीय सीप, साधन र स्रोतको अधिकतम उपयोग हुने योजना छनौट गर्नु पर्नेछ।

(३) विशेष अनुदान अन्तर्गत छनौट भएका योजनाका लागि स्रोत नपुग भएमा स्थानीय तहले राजस्व बाँडफाँड र वित्तीय समानीकरण अनुदान वापत प्राप्त रकमबाट पनि उक्त योजनामा लगानी गर्न सक्नेछन्।

(४) योजना छनौट गर्दा देहायका विषयहरु विश्लेषण गर्नु पर्नेछः

---

* पहिलो संशोधनद्वारा संशोधन गरिएको

** दोस्रो संशोधनद्वारा संशोधन गरिएको

(क) कार्यक्रमको आवश्यकता र औचित्यता,

(ख) कार्यक्रम सम्पन्न गर्न लाग्ने समय र लागत अनुमान विवरण,

(ग) कार्यक्रमबाट लाभान्वित हुने वर्ग, क्षेत्र, समुदाय र कूल जनसंख्याको अनुपात,

(घ) कार्यक्रम सम्पन्न भए पछि प्राप्त हुने सम्भाव्य मापनयोग्य प्रतिफलको विवरण,

(ङ) समय समयमा मन्त्रालयले तोकेका विवरणहरु।

**७. <u>प्रदेश सरकारले विशेष अनुदान प्रदान गर्ने</u>:** (१) प्रदेश सरकारले समितिले छनौट गरेको योजना सञ्चालनको लागि त्यस्तो योजनाको कूल लागत, योजनाको प्रकृति, योजना कार्यान्वयन गर्नु पर्ने आवश्यकता, प्राथमिकता, योजना कार्यान्वयनबाट हुन सक्ने उपलब्धि, योजनाको दिगोपना समेतको आधारमा स्थानीय तहलाई विशेष अनुदान प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले स्थानीय तहमा विशेष अनुदान प्रदान गर्दा विशेष अनुदानको लागि विनियोजित वार्षिक बजेट सीमाभित्र रही प्रदान गर्नु पर्नेछ।

**८. <u>विशेष अनुदान प्रदान नहुने</u>:** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा उल्लेख गरेको भए तापनि देहायका प्रकृतिका योजनाका लागि विशेष अनुदान उपलब्ध गराइने छैनः

(क) राजनीतिक दल विशेष तथा धार्मिक उद्देश्य पुरा हुने प्रकृतिका योजना,

(ख) तलब भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भुक्तानीका योजना,

(ग) व्यक्तिगत तथा पारिवारिक रुपमा मात्र फाइदा पुग्ने प्रकृतिका योजना,

(घ) राष्ट्रिय एकता, धार्मिक, सांस्कृतिक तथा सामाजिक सदभावमा खलल् पुग्ने प्रकृतिका योजना,

(ङ) वातावरण संरक्षणमा प्रतिकूल प्रभाव पार्ने खालको योजना,

(च) स्थानीय तहका योजना एवं अन्य अनुदान तथा स्रोतबाट सञ्चालनमा रहेका आयोजनामा दोहोरो पर्ने खालका योजना,

(छ) ***

(ज) ****

**९. <u>आवधिक योजनामा समावेश गर्नुपर्ने</u>:**(१) स्थानीय तहले विशेष अनुदानको माध्यमबाट कार्यान्वयन गर्ने योजनालाई आवधिक योजनामा समावेश गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरेको भए तापनि यो कार्यविधि प्रारम्भ भएको मितिले १ वर्षसम्म उल्लिखित आधारहरु पालना गर्न अनिवार्य हुने छैन।

**१०. <u>सम्झौता गर्नु पर्ने</u>:**(१) दफा ५ बमोजिमको समितिबाट छनौट भएका योजनाहरु मन्त्रालय र सम्बन्धित स्थानीय तह बीच सम्झौता गरी प्रत्येक आर्थिक वर्षमा हस्तान्तरण गरिने रकमलाई तीन किस्तामा विभाजन गरी प्रथम, द्वितीय र तृतीय चौमासिकमा भुक्तानी हुने शर्त तोक्नु पर्नेछ। प्रथम किस्ता रकम योजना तथा कार्यक्रम सञ्चालन गर्न प्रक्रिया पुगी सम्झौता गरिसकेपछि मन्त्रालयले प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत हस्तान्तरण गर्नु पर्नेछ भने दोस्रो किस्ता रकम प्रथम किस्ताको कामको भौतिक

*** तेस्रो संशोधनद्धारा झिकिएको।

**** चौथो संशोधनद्धारा झिकिएको।

तथा वित्तीय प्रगति खुल्ने प्रतिवेदन र दोस्रो तथा तेस्रो किस्ता एवं दोस्रो तथा तेस्रो चौमासिकमा काम हुने कुराको प्रत्याभूति सहितको पत्र प्राप्त भएपछि हस्तान्तरण हुने तथा आयोजना सम्पन्न हुने आर्थिक वर्षको हकमा अन्तिम किस्ता हस्तान्तरण गर्दा कार्य सम्पन्न प्रतिवेदन पेश गरेपछि हस्तान्तरण हुने कुरा सम्झौताका शर्तमा समावेश गर्नु पर्नेछ।

**** (१क) यस कार्यविधि बमोजिम विशेष अनुदान अन्तर्गत उपलव्ध भएको बजेटबाट सञ्चालन हुने आयोजनाको सम्झौता भएपछि त्यस्तो आयोजनाको लागि विनियोजन भएको रकम बढी भएमा सो रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(२) विशेष अनुदानबाट सञ्चालनमा रहेका योजना तथा कार्यक्रमहरुबाट लक्षित उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन हुन नसकेमा मन्त्रालयले त्यस्तो अनुदान वापत उपलब्ध गराएको रकम आगामी आर्थिक वर्षहरुमा प्रदान गरिने अन्य अनुदान रकमबाट कट्टा गर्न सक्नेछ।

(३) चालु आर्थिक वर्षमा कुनै मनासिव कारणले अनुदान रकम खर्च हुन नसकेमा मन्त्रालयको स्वीकृति लिई सो रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गरी योजना तथा कार्यक्रमको अवधि भित्र अर्को आर्थिक वर्षमा खर्च गर्न पाइनेछ।

**११.अनुदान रकम खर्च गर्ने विधि र प्रक्रिया:**(१) स्थानीय तहले विशेष अनुदान खर्च गर्दा देहाय बमोजिम गर्नु पर्नेछ:

(क) जुन योजनाको लागि प्रदान भएको हो सोही योजनामा अनुदान समावेश गरेर खर्च गर्नु पर्नेछ।

(ख) बजेट तथा कार्यक्रममा समावेश गरेर मात्र खर्च गर्नु पर्नेछ।

(ग) सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद प्रक्रिया पूरा गरेर मात्र खर्च गर्नु पर्नेछ।

(घ) तोकिएको समयावधि भित्र योजना सम्पन्न गर्नु पर्नेछ।

(ङ) योजनाको कार्य प्रगति पेश भएपछि सोका आधारमा चौमासिक रुपमा अनुदान रकम हस्तान्तरण गरिनेछ।

(च) विशेष अनुदानबाट प्राप्त रकमको समयमै आन्तरिक र अन्तिम लेखा परीक्षण गराउने दायित्व योजना कार्यान्वयन गर्ने निकायको हुनेछ।

**१२. योजना समयावधि भित्र सम्पन्न गर्नुपर्ने:** विशेष अनुदानबाट सञ्चालनमा रहेका योजना तथा कार्यक्रमहरु तोकिएको समयावधि भित्र अनिवार्य रुपमा सम्पन्न गर्नु पर्नेछ।तोकिएको समयावधि भित्र योजना तथा कार्यक्रमको कार्य सम्पन्न नभएमा बाँकी कार्यको लागि अनुदान रकम दिइने छैन।

**१३.योजनाको सञ्चालन र कार्यान्वयन:** (१) योजना तथा कार्यक्रम सञ्चालन गर्दा कार्यान्वयन गर्ने निकायले प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीमा जोड दिनु पर्नेछ।

(२) योजना तथा कार्यक्रम सञ्चालनको क्रममा कामको गुणस्तर मापन गर्ने संयन्त्र बलियो बनाउनु पर्दछ र योजना सम्पन्न भएको एक वर्षको अवधिमा नै त्यसको गुणस्तरमा ह्रास आएको खण्डमा मन्त्रालयले सोको छानविन गरी आवश्यक सुझाव दिन सक्नेछ।

****चौथो संशोधनद्वारा थप

(३) योजना तथा कार्यक्रम सञ्चालन गर्दा कामको गुणस्तरमा विशेष ध्यान पुर्याउनु पर्नेछ। सोको लागि सम्पन्न कामको नतिजा तथा उपलब्धि सार्वजनिक गर्ने, नागरिक समाज एवं लाभान्वित वर्ग र समुदायको अनिवार्य संलग्नतामा सामाजिक परीक्षण समेत गर्नु पर्नेछ।

(४) योजना तथा कार्यक्रम ठेक्का बन्दोबस्तबाट सम्पन्न गर्नु पर्ने भएमा ठेक्का प्रकृया पारदर्शी र प्रतिस्पर्धात्मक हुने गरी सम्भव भए सम्म ई-विडिङबाट गर्नु पर्नेछ। साठी लाख रुपैयाँ भन्दा बढी रकमको योजनाको हकमा ठेक्का प्रक्रिया अनिवार्य रुपमा ई-बिडिङबाट नै गर्नु पर्नेछ। बील भुक्तानी गर्दा सम्बन्धित व्यक्ति तथा संस्थाको खातामा जम्मा हुने गरी बैङ्किङ प्रणालीको प्रयोग गर्नु पर्नेछ।

(५) योजना तथा कार्यक्रम सम्पन्न भए पश्चात सम्झौतामा तोकिएको उपलब्धि हासिल नभएसम्म उक्त योजना तथा कार्यक्रम सम्बन्धित निर्माण व्यवसायी वा आपूर्तिकर्ता वा सञ्चालनकर्ताले नै पुनः सञ्चालन गर्नुपर्ने र सो वापत अतिरिक्त रकम प्रदान नगरिने व्यहोरा सम्झौताको शर्तमा अनिवार्य रुपमा तोकिनु पर्नेछ।

(६) ठेक्का बन्दोबस्तबाट कार्य सम्पादन हुने योजनाको हकमा त्यस्तो कामको जिम्मा लिने निर्माण व्यवसायी वा आपूर्तिकर्ता वा सञ्चालनकर्ताले सम्झौतामा उल्लिखित शर्तहरु बमोजिमका कार्यहरु सम्पन्न नगरेमा वा सम्झौताका शर्तहरु उल्लघंन गरेको देखिएमा निजलाई कालोसूचीमा राखी पुनः यस्ता योजना तथा कार्यक्रम सञ्चालनमा तीन वर्षसम्म सहभागी हुन नपाउने गरी सम्बन्धित सबैको जानकारीका लागि सूचना सार्वजनिक गरी मन्त्रालयमा लेखी पठाउनु पर्नेछ।

**१४.<u>अनुगमन सम्बन्धी व्यवस्थाः</u>**(१) विशेष अनुदानबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरु प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले मासिक रुपमा अनुगमन गर्नु पर्नेछ र सो को प्रतिवेदन मन्त्रालय समक्ष समेत पेश गर्नु पर्नेछ।

(२) स्थानीय तहमा विशेष अनुदानबाट सञ्चालित योजना तथा कार्यक्रमहरुको कार्य मितव्ययी, प्रभावकारी, उपलब्धिमूलक र पारदर्शी किसिमले तोकिएको समय सीमा भित्र भए नभएको सम्बन्धमा आवश्यकता अनुसार मन्त्रालयले अनुगमन गर्नेछ। यस कार्यका लागि मन्त्रालयले आवश्यकता अनुसार सम्बन्धित जिल्ला समन्वय समितिको सहयोग लिन सक्नेछ।

**१५.<u>प्रगति प्रतिवेदन गर्नुपर्नेः</u>** सबै स्थानीय तहले आफ्नो क्षेत्रमा विशेष अनुदानमा सञ्चालित योजना तथा कार्यक्रमहरुको अनुगमन तथा प्रगति प्रतिवेदन अनुसूची-२ बमोजिमको ढाँचामा चौमासिक रुपमा मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

**१६.<u>विशेष अनुदान रोक्का हुन सक्नेः</u>** (१) सञ्चालित योजना तथा कार्यक्रमहरुको स्थानीय तहले दफा १४ बमोजिम अनुगमन वा दफा १५ बमोजिम प्रतिवेदन नगरेमा वा तोकिएको समय भित्र कार्य सम्पन्न नगरेमा एवं सम्पन्न भएको कार्यको गुणस्तर राम्रो नभएमा मन्त्रालयले आगामी किस्ताको अनुदान रकम रोक्का राख्न सक्नेछ। यसरी रोक्का राखेको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रोक्का राखेकोमा मन्त्रालयले माग गरेको अवधि भित्र आवश्यक विवरणहरु पेश गरेमा, मन्त्रालयले तोकेको समयमा कार्य सम्पन्न गरेमा र कामको गुणस्तरमा आवश्यक सुधार गर्ने प्रत्याभूति स्थानीय तहले दिएमा मन्त्रालयले उपदफा (१) बमोजिमको रोक्कालाई फुकुवा गर्न सक्नेछ।

**अनुसूची - १**

**(दफा ४ (१) सँग सम्बन्धित)**

**विशेष अनुदानको लागि कार्यक्रम पेश गर्ने निवेदन फाराम**

कार्यक्रम पेश गर्ने निकायको नामः

ठेगानाः

फोन ,फ्याक्स र इमेलः

कार्यक्रम  र आयोजनाको नामः

कार्यक्रम र आयोजनाको कूल लागत रु.ः

आयोजनाबाट लाभान्वित संभाव्य जनसंख्याः

आयोजना सम्पन्न गर्न लाग्ने समयः

सम्वन्धित स्थानीय तहको सभाको बहुमतले पारित गरेको मितिः

कार्यविधिको दफा ४ को उपदफा (३) मा उल्लिखित तपशिलका कागजातहरुः

**संलग्न कागजातहरु**

१. ........................

२. ..........................

३. .......................................

| **योजना शाखा प्रमुख** | **प्रमुख प्रशासकीय अधिकृत** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |

अनुसूची - २

**(दफा १५ सँग सम्बन्धित)**

**प्रगति प्रतिवेदनको ढाँचा**

योजना तथा कार्यक्रम सञ्चालन गर्ने निकायको नामः

ठेगानाः

सम्पर्क नं.:

| **क्र.सं.** | **योजना तथा कार्यक्रमको नाम** | **कार्यक्रम सञ्चालन भएको स्थान** | **स्वीकृत बजेट** | **अवधिको लक्ष्य** | | **अवधिको प्रगति** | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | | | **भौतिक** | **वित्तीय** | **भौतिक** | **वित्तीय** | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**योजना शाखा प्रमुख**

दस्तखतः

नामः

पदः

मितिः

**प्रमुख प्रशासकीय अधिकृत**

दस्तखतः

नामः

पदः

मितिः